## आमसञ्चारका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावना:** नेपालको संविधानले प्रत्याभूत गरेको विचार तथा अभिव्यक्ति स्वतन्त्रता एवं सञ्चार र सूचनाको हक सुनिश्चित गरी आमसञ्चार क्षेत्रलाई स्वच्छ, स्वतन्त्र, पारदर्शी,मर्यादित र व्यवसायिक बनाई लोकतन्त्रको सुदृढीकरण गर्न आमसञ्चार माध्यमको स्थापना र संचालनका लागि कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ ।

### परिच्छेद-१

### प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "आमसञ्चार सम्बन्धी ऐन, २०७५" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२.परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा:,-

(क) "अध्यक्ष" भन्नाले प्राधिकरणको अध्यक्ष सम्झनुपर्छ।

(ख) "अन्यपत्रपत्रिका" भन्नाले समाचारपत्र र समाचार वा सञ्चार बाहेक समाचारजन्य लेख, टिप्पणी, सम्पादकीय टिप्पणी, अन्तर्वार्ता, फोटो, कार्टुन, व्यङ्ग्यचित्र कला, साहित्य, विज्ञान, पर्यटन, चलचित्र लगायतका विभिन्न विधालाई समेटी प्रकाशन हुने पत्रपत्रिका सम्झनु पर्छ।

(ग) "अनलाइन सञ्चार माध्यम" भन्नाले प्रचलित कानून बमोजिम स्थापना वा दर्ता भई इन्टरनेटको माध्यमबाट संकेत, चिन्ह, आवज, ग्राफिक्स, गीत, संगित, भिडियो, एनिमेशन तथा विभिन्न बहुमाध्यम (मल्टिमिडिया) को प्रयोग मार्फत सन्देशमूलक वा विषयगत विचार, सूचना तथा समाचार, तस्वीर, श्रव्यदृश्यको रुपमा उत्पादन, प्रकाशन, प्रसारण वा वितरण गर्ने विधि, प्रक्रिया र माध्यम सम्झनु पर्छ।

(घ) "आमसञ्चार" भन्नाले सूचना तथा सन्देश संप्रेषण गर्ने उद्देश्यले स्थापना भई प्रकाशन तथा प्रसारण हुने सरकारी, सामुदायिक र निजी क्षेत्रवाट सञ्चालित विद्युतीय तथा मुद्रणका सञ्चार माध्यम सम्झनुपर्छ।सो शब्दले आम सञ्चार माध्यम सञ्चालन गर्ने संस्थालाई समेत जनाउँछ।

(ङ) "इजाजतपत्र" भन्नाले दफा 27 बमोजिम प्राप्त गरेको इजाजतपत्र सम्झनुपर्छ।

(च) "एफ एम (Frequency Modulation)" भन्नाले भी.एच.एफ. व्याण्डको सतासी दशमलव पाँच देखि एकसय आठ मेगाहर्जसम्मको फ्रिक्वेन्सीमा गरिने रेडियो प्रसारणलाई सम्झनुपर्छ।

(छ) "कर्मचारी" भन्नाले सञ्चार प्रतिष्ठानमा व्यवस्थापकीय तथा प्रशासकीय कार्यको अन्तिम निर्णय गर्न अधिकार प्राप्त व्यक्तिबाहेक त्यस्तो प्रतिष्ठानको प्रशासनिक, व्यवस्थापकीय, प्राविधिक वा अन्य कार्यमा संलग्न व्यक्ति सम्झनु पर्छ।

(ज) "कार्यक्रम" भन्नाले श्रव्य वा श्रव्यदृश्यको माध्यमद्वारा प्रसारण हुने जुनसुकै किसिमको कार्यक्रम सम्झनुपर्छ।

(झ) "केबुल" भन्नाले कुनै निश्चित प्रसारणकेन्द्रबाट तारको माध्यमद्वारा प्रसारण हुने सामग्रीहरू विभिन्न ग्राहक, सदस्य वा उपभोक्ता समक्ष पुर्याउने प्रविधि सम्झनु पर्छ।सो शब्दले डी.टी.एच. प्रणालीलाई समेत जनाउँछ।

(ञ) "तोकिएको वा तोकिएबमोजिम" भन्नाले यस ऐनअन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम भन्ने सम्झनुपर्छ।

(ट) "पत्रपत्रिका" भन्नाले विधुतीय वा छापा माध्यमद्धारा प्रकाशित हुने समाचारपत्र, समाचारपत्रिका र अन्य पत्रपत्रिका सम्झनु पर्छ।

(ठ) "पत्रकार" भन्नाले सञ्चार प्रतिष्ठानमा व्यवस्थापकीय तथा प्रशासकीय अधिकार प्राप्त गरेको व्यक्तिबाहेक सञ्चार सम्बन्धी व्यवसाय वा सेवालाई प्रमुख व्यवसाय अपनाई पारिश्रमिक लिई सञ्चार प्रतिष्ठानमा पूर्ण वा आंशिक समय काम गर्ने व्यक्ति सम्झनुपर्छ र सो शब्दले सञ्चार प्रतिष्ठानमा समाचार सामग्री सङ्कलन, उत्पादन, सम्पादन वा सम्प्रेषण गर्ने प्रधान सम्पादक, सम्पादक, संवाददाता, स्ट्रिन्जर, समाचार वाचक, कार्यक्रम निर्देशक, अनुवादक, वेभ डिजाइनर, प्राविधिक, स्तम्भ लेखक, फोटो पत्रकार, प्रेस क्यामेरामेन, व्यङ्ग्य चित्रकार, कार्यक्रम निर्माता वा सञ्चालक, दृश्य वा भाषा सम्पादक जस्ता समाचार मुलक पेशासँग सम्बन्धित व्यक्ति समेतलाई जनाउँछ।

(ड) "प्राधिकरण" भन्नाले दफा ५ बमोजिम गठन भएको आमसञ्चार प्राधिकरण सम्झनु पर्छ।

(ढ) "प्रसारण" भन्नाले इन्क्रीप्ट गरिएको वा नगरिएको, सर्वसाधारण वा निश्चित क्षेत्र वा वर्गका नागरिकले जानकारी पाउन सक्ने गरी पठाईने श्रव्य वा दृश्य, श्रव्यदृश्य,

कार्यक्रम,डाटा वा सूचनालाई रेडियो फ्रिक्वेन्सी, इन्टरनेट प्रोटोकल वा अन्य विधुतीय वा विधुत प्रकाशीय (अप्टिकल) माध्यमवाट  गरिने प्रसारण सम्झनुपर्छ।

(ण) "प्रसारक" भन्नाले प्रसारण संस्थाबाट प्रसारण हुने कार्यक्रम वाचन गर्ने व्यक्ति वा प्रस्तोता सम्झनु पर्छ र सो शब्दले त्यस्तो कार्यक्रम तयार गर्ने तथा सम्पादन गर्ने व्यक्तिलाई समेत जनाउँछ।

(त) "प्रसारण संस्था" भन्नाले यस ऐनबमोजिम कार्यक्रम प्रसारण गर्न इजाजतपत्र प्राप्त व्यक्ति वा संगठित संस्था सम्झनुपर्छ।

(थ) "प्रतिनिधि" भन्नाले दफा ४8 बमोजिम प्रेस प्रतिनिधिको प्रमाणपत्र लिएको ब्यक्ति सम्झनु पर्छ ।

(द) "मन्त्रालय" भन्नाले सञ्चार तथा सूचना प्रविधिसम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनुपर्छ।

(ध) "समाचारपत्र" भन्नाले सार्वजनिक महत्वका समसामयिक विषयका क्षेत्रमा टिप्पणी भएको वा नभएको लिखत, समाचार तथा विचारहरु समेत भएको सार्वजनिक रुपमा विक्री वा वितरण हुने पत्रपत्रिका सम्झनु पर्छ।

(न) "सम्पादक" भन्नाले आमसञ्चार सञ्चालन संस्थाको समाचार वा समाचारमूलक कार्यक्रमको उत्पादन तथा प्रकाशन वा प्रसारण अधिकार र उत्तरदायित्व बहन गर्ने सम्पादक, प्रधान सम्पादक वा समाचार प्रमुख सम्झनु पर्छ।

## परिच्छेद-२

## आमसञ्चार प्राधिकरणको स्थापना, गठन, काम कर्तव्य र अधिकार सम्वन्धी व्यवस्था:

३. **आमसञ्चार प्राधिकरणको स्थापना**: आमसञ्चार माध्यमको अभिलेखीकरण, दर्ता,इजाजत,अनुगमन तथा नियमन गर्न  आमसञ्चार प्राधिकरण स्थापना गरिनेछ।

४. **प्राधिकरण स्वशासित र संगठित संस्था हुने**:(१) प्राधिकरण एक अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ ।

(२) प्राधिकरणको आफ्नो एउटा छुट्टै छाप हुनेछ।

(३) प्राधिकरणले व्यक्ति सरह चलअचल सम्पत्ति प्राप्त गर्न, उपयोग गर्न वा अन्य कुनै किसिमले व्यवस्था गर्न सक्नेछ।

तर अचल सम्पतिको हक हस्तान्त्रण गर्दा अनिवार्य रुपमा मन्त्रालयको सहमति लिनु पर्नेछ।

(४) प्राधिकरणले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र प्राधिकरण उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ।

५. **<u>प्राधिकरणको गठनः</u>** (१) प्राधिकरणमा दफा 6 बमोजिम गठित समितिको सिफारिशमा नेपाल सरकारले नियुक्त गरेका एक जना अध्यक्ष र चार जना सदस्य रहनेछन्।

(२) उपदफा (१) बमोजिम अध्यक्ष र सदस्य नियुक्ति गर्दा पत्रकारिता वा आमसञ्चार, सुचना प्रविधि वा फ्रिक्वेन्सी व्यवस्थापन वा व्यवस्थापन क्षेत्रबाट प्रतिनिधित्व हुने गरी समानुपतिक समावेशी सिद्धान्तको आधारमा गर्नुपर्नेछ।

(3) प्राधिकरणका अध्यक्ष तथा सदस्यको पदावधि नियुक्तिको मितिले चार वर्षको हुनेछ।

(4) प्राधिकरणको प्रशासकीय प्रमुखले प्राधिकरणको सचिव भई काम गर्नेछ।

6. **<u>सिफारिश समितीको गठनः</u>-** (1) प्राधिकरणको अध्यक्ष र सदस्यको नियुक्तिका लागि दफा 7 बमोजिमको योग्यता पुगेका व्यक्तिहरु मध्येबाट उपयुक्त व्यक्तिको छनौट गरी सिफारिश गर्न देहाय बमोजिमको एक समिती रहनेछः-

(क) मन्त्री, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय - संयोजक

(ख) सभापति, प्रतिनिधि सभाको सञ्चार सम्वन्धि विषय हेर्ने समिति - सदस्य

(ग) प्रतिनिधि सभाको विपक्षी दलको नेताले मनोनयन गरेको प्रतिनिधि सभाको सञ्चार सम्वन्धि विषय हेर्ने समितिको सदस्य एक जना - सदस्य

(घ) मन्त्रालयले नियुक्त गरेका आमसञ्चार क्षेत्रका विज्ञ दुई जना - सदस्य

(2) मन्त्रालयले तोकेको सहसचिवले समितिको सचिवको रुपमा काम गर्नेछ।

7. **<u>योग्यताः</u>** प्राधिकरणका अध्यक्ष र सदस्यको पदमा नियुक्ति हुन देहाय बमोजिमको योग्यता पुगेको हुनुपर्नेछः-

(क) नेपाली नागरिक,

(ख) पैतिस वर्ष उमेर पुरा भई साठी वर्ष ननाघेको,

(ग) मान्यता प्राप्त विश्वविद्यालयबाट सम्बन्धित विषयमा कम्तीमा स्नातककोपाधी हासिल गरेको,

(घ) सम्बन्धित क्षेत्रमा कम्तीमा पन्ध्र वर्षको अनुभव हासिल गरेको,

(ङ) नैतिक पतन देखिने फौजदारी कसूरमा सजाय नपाएको,

(च) नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको,

(छ) उच्च नैतिक चरित्र भएको।

8. **<u>अध्यक्ष र सदस्यलाई पदबाट हटाउन सकिने:</u>** (१) दफा ७ मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले गठन गरेको समितिको छानविनबाट देहायको आधारमा निज अध्यक्ष र सदस्य पदमा रहिरहन उपयुक्त नभएको सिफारिश प्राप्त भएमा त्यस्तो अध्यक्ष र सदस्यलाई पदबाट हटाउन सकिनेछ।

(क) कार्यक्षमताको अभाव भएमा,

(ख) खराव आचरण भएमा,

(ग) ईमानदारीपूर्वक आफ्नो पदीय कर्तब्य पालना नगरेमा,

(घ) निजको काम सन्तोषजनक नभएमा,

(ङ) मानसिक सन्तुलन ठीक नभएको वा मगज विग्रेकोमा वा

(च) आमसञ्चारसँग सम्वन्धित व्यवसायमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा स्वामित्व वा निजी स्वार्थ भएमा।

(२) उपदफा (१) बमोजिम अध्यक्ष र सदस्यलाई पदबाट हटाउनु पूर्व निजलाई आफ्नो सफाई पेश गर्ने मनासिब माफिकको मौका दिनुपर्नेछ।

9. **<u>अध्यक्ष र सदस्यको पद रिक्त हुने व्यवस्था</u>**: देहायको अवस्थामा अध्यक्ष तथा सदस्यको पद रिक्त भएको मानिनेछः-

(क) नेपाल सरकार समक्ष लिखित राजिनामा दिएमा,

(ख) दफा ८ बमोजिम निजलाई पदबाट हटाइएमा,

(ग) दफा 5 को उपदफा (3) बमोजिम निजको पदावधि पूरा भएमा,

(घ) नैतिकपतन देखिने फौजदारी कसूरमा अदालतबाट कसूरदार ठहरिएमा,

(ङ) निजको उमेर साठी वर्ष पुरा भएमा वा

(च) निजको मृत्यु भएमा ।

10. **कार्यवाहक अध्यक्ष तोक्न सक्ने:-** प्राधिकरणको अध्यक्षको पद कुनै कारणले रिक्त भएको अवस्थामा मन्त्रालयले कुनै सदस्यलाई बढीमा 6 महिनाका लागि कार्यवाहक अध्यक्षको काम काज गर्न तोक्न सक्नेछ।

११. **पारिश्रमिक र सुविधाः** अध्यक्षको पारिश्रमिक, सुविधा र सेवाका शर्तहरु तोकिए बमोजिम हुनेछ ।

१२. **प्राधिकरणको बैठक र निर्णयः** (१) प्राधिकरणको बैठक महिनामा कम्तिमा एकपटक बस्नेछ।

(२) प्राधिकरणको बैठक अध्यक्षले तोकेको स्थान, मिति र समयमा बस्नेछ।

(३) प्राधिकरणको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरुले आफूहरुमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(४) प्राधिकरणको वैठकमा अध्यक्ष र दुई जना सदस्य उपस्थित भएमा बैठकको लागि गणपुरक सङ्ख्या पुगेको मानिनेछ।

(५) प्राधिकरणको बैठकमा बहुमतको राय प्राधिकरणको निर्णय मानिनेछ तर मत बराबर भएमा अध्यक्षले निर्णयात्मक मत दिनेछ।

(६) प्राधिकरणको बैठकको निर्णय अध्यक्षद्धारा प्रमाणित गरिनेछ र त्यस्तो निर्णय प्राधिकरणको प्रशासकीय प्रमुखले सबै सदस्यहरुलाई उपलब्ध गराउनेछ।

(७) प्राधिकरणको बैठक सम्वन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ।

१३. **प्राधिकरणको काम, कर्तव्य र अधिकारः** प्राधिकरणको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्राधिकरणको वार्षिक नीति, बजेट तथा कार्यक्रम स्वीकृत गर्ने,

(ख) राष्ट्रिय स्तरको रेडियो, टेलिभिजन र टेलिभिजन सिग्नल डाउनलिङ्क वितरण सञ्चालनको अनुमतिपत्र, इजाजतपत्र प्रदान गर्ने लाइसेन्स जारी गर्नेर नियमन गर्ने,

(ग) एक हजार वाट भन्दा बढिको एफ.एम. रेडियोको इजाजत दिने, नविकरण गर्ने र नियमन गर्ने,

(घ) राष्ट्रियस्तरका छापा पत्रपत्रिका र अनलाईन संचार माध्यमको अभिलेखिकरण र नियमन गर्ने,

(ङ) पत्रपत्रिका, अनलाइन सञ्चार माध्यम, रेडियो, एफ.एम.रेडियो, टेलिभिजन, केबुल टेलिभिजन र केबुल वितरकको अभिलेख राख्ने,

(च) रेडियो र टेलिभिजनका लागि फ्रिक्वेन्सी योजना निर्माण गर्ने, प्रसारण केन्द्रहरुको म्यापिङ गरी सङ्घ, प्रदेश र स्थानीय तहमा वितरणका लागि मन्त्रालयसमक्ष सिफारीस गर्ने,

(छ) आमसञ्चार प्रविधिको प्रयोग र विकास प्रवर्द्धनका लागि आवश्यक कार्य गर्ने,

(ज) आमसञ्चारका माध्यमहरुलाई दिइने सुविधाका सम्वन्धमा नेपाल सरकारलाई सिफारिश गर्ने,

(झ) आमसञ्चार माध्यमले यस ऐन बमोजिम नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक लगायतका अन्य कुराहरु कार्यान्वयन गरे नगरेको निरीक्षण अनुगमन गरी नगरेको पाईएमा गर्न लगाउने,

(ञ) आमसञ्चार माध्यमहरुका बीचमा देखिएका विवादहरु समाधान गर्ने,

(ट) विदेशी आमसञ्चार संस्थाका प्रेस प्रतिनिधिको नियमन गर्ने,

(ठ) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

१4. **<u>अध्यक्षको काम, कर्तव्य र अधिकार:-</u>** (1)अध्यक्ष प्राधिकरणको कार्यकारी प्रमुख हुनेछ।

(2) यस ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त अध्यक्षको काम, कर्तव्य अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्राधिकरणको वैठकका लागी वैठकको कार्यसूची तयार गर्ने, गराउने,

(ख) प्राधिकरणको बैठकको निर्णयहरु कार्यान्वयन गर्ने, गराउने,

(ग) प्राधिकरणको नीति कार्यक्रमहरु तयार गर्ने, गराउने,

(घ) प्राधिकरणको बार्षिक वजेट तथा कार्यक्रम पेश गर्ने,

(ङ) प्राधिकरणले अधिकार प्रत्यायोजन गरेका अन्य कार्यहरु गर्ने।

१5. **<u>कार्यालयः</u>** प्राधिकरणको कार्यालय काठमाडौं उपत्यकामा रहनेछ।

१6. **<u>प्राधिकरणको कोष</u>**: (१) प्राधिकरणको एउटा छुट्टै कोष रहनेछ।

(२) उपदफा (१) वमोजिमको प्राधिकरणको कोषमा देहाय बमोजिमको रकम हुनेछः-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) वैदेशिक बाहेकका अन्य विभिन्न स्रोतबाट प्राप्त रकम।

(३) प्राधिकरणको लेखा र अन्तिम लेखा परीक्षण प्रचलित संघीय कानून बमोजिम हुनेछ।

(४) प्राधिकरणको कोष संचालन सम्वन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१7. **प्राधिकरणको प्रशासकीय प्रमुख र अन्य कर्मचारी**:- (१) नेपाल सरकारले प्राधिकरणको प्रशासकीय प्रमुखमा निजामती सेवाको कम्तीमा राजपत्रांकित प्रथम श्रेणीको अधिकृत खटाउने छ।

(२) उपदफा (१) अनुसार नेपाल सरकारले प्रशासकीय प्रमुख नखटाएको अवस्थामा प्राधिकरणले आफ्ना कर्मचारीहरुमध्येबाट वरिष्ठ कर्मचारीलाई निमित्त प्रशासकीय प्रमुखको काम काज गर्न तोक्न सक्नेछ।

(३) प्रशासकीय प्रमुखको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्राधिकरणको दैनिक प्रशासनिक कार्य गर्ने,

(ख) अध्यक्षको निर्देशन बमोजिम प्राधिकरणको वैठकका लागी वैठकको कार्यसूची तयार गर्ने,

(ग) प्राधिकरणको बैठकको निर्णयहरु कार्यान्वयन गर्ने,

(घ) प्राधिकरणको कर्मचारी प्रशासनको कार्य गर्ने,

(ङ) प्रेस रजिष्ट्रारको काम गर्ने,

(च) प्राधिकरणको बजेट खर्च गर्ने, खर्चको लेखा राख्ने र लेखा परिक्षण गर्ने,गराउने'

(छ) तोकिए बमोजिमको अन्य कार्य गर्ने।

१8. **कर्मचारी:** (१) प्राधिकरणको लागि आवश्यक पर्ने अन्य कर्मचारी प्राधिकरण आफैंले व्यवस्था गर्न सक्नेछ तर कर्मचारी नियुक्ति गर्नु पूर्व अर्थ मन्त्रालयको स्विकृती लिनुपर्नेछ।

(२) प्राधिकरणलाई आवश्यक पर्ने विज्ञ तोकिए बमोजिमको प्रक्रिया अपनाई लिन सकिनेछ। विज्ञको सेवाको शर्त र सुविधा तोकिए बमोजिम हुनेछ।

(३) प्राधिकरणका कर्मचारीको सेवा, सुविधा तथा सेवाका शर्त सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१9. **वार्षिक प्रतिवेदनः** (१) प्राधिकरणले प्रत्येक वर्ष आफूले गरेको कार्यको वार्षिक प्रतिवेदन नेपाल सरकार समक्ष पेश गर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन नेपाल सरकारले सर्वसाधारणको जानकारीको लागि सार्वजनिक रुपमा प्रकाशन गर्नु पर्नेछ।

## परिच्छेद-३
## पत्रपत्रिका सम्बन्धी ब्यवस्था:

20. **पत्रपत्रिकाको अभिलेखीकरण गराउनु पर्नेः** (१) कसैले राष्ट्रियस्तरको पत्रपत्रिका सार्वजनिक रूपमा बिक्री वितरणको लागि नेपालभित्र प्रकाशित गर्न चाहेमा वा विदेशी पत्रपत्रिकाको नेपाल संस्करण तथा मुद्रण गर्न चाहेमा पत्रपत्रिकाको नाम, किसिम, भाषा, आकार, पृष्ठ संख्या, छापिने संख्या र प्रकाशित हुने स्थान र सम्पादक र प्रकाशकको नाम समेत खुलाई प्राधिकरणमा अभिलेखीकरण गराउनुपर्नेछ।

तर सरकारी निकायहरु, सरकारको स्वामित्व भएको संगठित संस्था, विश्वविद्यालय, नेपाल सरकारको स्वीकृति प्राप्त शिक्षण संस्था, प्रचलित कानूनबमोजिम स्थापित संघ संस्था, फर्म, कम्पनी वा कुनै राजनैतिक दल वा संगठनको मुखपत्रको रूपमा प्रकाशित हुने प्रकाशनलाई यस दफा बमोजिम अभिलेखीकरण गराउन आवश्यक पर्ने छैन।

(२) उपदफा (१) बमोजिम अभिलेखीकरण गरिने पत्रपत्रिकाको नामसंग मिल्ने गरी अर्को कुनै पत्रपत्रिका प्राधिकरणमा अभिलेखीकरण भैसकेको रहेछ भने सोहि नाममा अभिलेखीकरण हुने छैन र सोको जानकारी प्राधिकरणले दरखास्तवालालाई गराउनेछ।

(३) प्रदेशस्तरीय पत्रपत्रिका नियमन तथा व्यवस्थापन सम्वन्धी व्यवस्था प्रदेश कानून बमोजिम हुनेछ।

(४) स्थानीय पत्रपत्रिका नियमन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था स्थानीय कानून बमोजिम हुनेछ।

(५) उपदफा (३) र (४) बमोजिमको प्रदेश तह र स्थानीयतहको कानून बनाई लागू नभएसम्मको लागि प्राधिकरणले त्यस सम्बन्धी छुट्टै अभिलेख किताव खडा गरी अभिलेखीकरण गर्नसक्नेछ।

(६) उपदफा (५) बमोजिम अभिलेखीकरण भएको अभिलेख किताव सम्बन्धित तहबाट माग भै आएमा प्राधिकरणले उपलब्ध गराउनु पर्नेछ।

(७) प्रदेश र स्थानीय तहको कानून बमोजिम प्रकाशन भएको पत्रपत्रिका राष्ट्रियस्तरको पत्रपत्रिकाको रुपमा अभिलेखीकरण गरी प्रकाशन गर्नु परेमा उपदफा (१) बमोजिम अभिलेखीकरण गरी प्रकाशन गर्नु पर्नेछ।

(८) राष्ट्रियस्तरको पत्रपत्रिकाको नाम, किसिम र भाषा परिवर्तन गर्नु पर्ने भएमा वा कुनै पत्रपत्रिका एकभन्दा बढी भाषामा प्रकाशित गर्नु परेमा वा एक प्रदेशस्तरबाट प्रकाशित भइरहेको पत्रपत्रिका अन्य प्रदेश वा एकभन्दा बढी प्रदेशबाट प्रकाशित गर्नु परेमा वा अन्य विवरण परिवर्तन गर्नु पर्ने भएमा प्राधिकरणमा अभिलेख संशोधन गराउनुपर्नेछ।

(9) पत्रपत्रिका अभिलेखीकरण गराउने सम्वन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२१. **पत्रपत्रिकामा उल्लेख गर्नु पर्नेः** पत्रपत्रिकामा प्रकाशक, सम्पादक, मुद्रक र छापाखानाको नाम तथा प्रकाशन वर्ष र अंक तोकिए बमोजिम स्पष्ट बुझिने गरी उल्लेख गर्नु पर्नेछ।

२२. **पत्रपत्रिकाको आकार र पृष्ठ संख्याः** (१) दफा 20 बमोजिम अभिलेखीकरण भई प्रकाशित हुने पत्रपत्रिकाको न्यूनतम र अधिकतम आकार र पृष्ठ संख्या तोकिए बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको आकार र पृष्ठ संख्यामा घटी बढी गरी प्रकाशित हुने पत्रपत्रिकालाई नेपाल सरकार वा नेपाल सरकारको स्वामित्व भएको संस्थाबाट दिइने सुविधा, सहायता वा विज्ञापन प्रदान गरिनेछैन।

२३. **पत्रपत्रिकाको प्रकाशनः** प्रकाशकले पत्रपत्रिकाको प्रत्येक संस्करण दफा 20 बमोजिमको अभिलेखीकरण किताबमा उल्लिखित विवरणमा फरक नपर्ने गरी प्रकाशन गर्नु पर्नेछ।

## परिच्छेद-४

## प्रसारण र फ्रिक्वेन्सी सम्वन्धी व्यवस्था:

24. **प्रसारणसम्वन्धी कार्यक्रमको रेखदेख र सञ्चालनः-** नेपाल भित्र प्रसारण सम्वन्धी कार्यक्रमको रेखदेख र सञ्चालनको नीति निर्माण गर्ने अधिकार नेपाल सरकारलाई हुनेछ।

२५. **इजाजतपत्र लिनु पर्नेः** कुनै प्रसारण संस्थाले यस ऐन बमोजिम इजाजतपत्र नलिई कुनै पनि कार्यक्रम उत्पादन, प्रसारण, सिग्नल डाउनलिंक, भू-उपग्रह प्रसारण केन्द्रको स्थापना र विद्युतीय नेटवर्क मार्फत प्रसारण तथा डाउनलिङ्क गर्नु हुँदैन।

२6. **इजाजतपत्रको लागि प्राधिकरणमा निवेदन दिनुपर्नेः** (१) कुनै प्रसारण संस्थाले कार्यक्रम उत्पादन गरी तोकिएको कुनै माध्यमबाट आफैले वा उपदफा (३) बमोजिम इजाजतपत्र प्राप्त कार्यक्रम वितरक संस्था मार्फत ग्राहक, सदस्य वा उपभोक्तासमक्ष श्रव्य, श्रव्यदृश्य प्रसारण गर्न चाहेमा तोकिएको दस्तुर सहित तोकिएको ढाँचामा प्राधिकरण समक्ष निवेदन दिनु पर्नेछ।

(२) कुनै प्रसारण संस्थाले कार्यक्रम उत्पादन गरी फ्रिक्वेन्सी मोडुलेशन, रेडियो प्रसारण प्रणाली र डिजिटल रेडियो प्रसारण प्रणाली वा स्थानीय वा अन्तराष्ट्रिय नेटवर्क मार्फत श्रब्य कार्यक्रम नेपालको जुनसुकै भू-भागमा प्रसारण गर्न चाहेमा तोकिएको दस्तुर सहित तोकिएको ढाँचामा प्राधिकरण समक्ष निवेदन दिनुपर्नेछ।

(३) कार्यक्रम प्रसारण संस्थाले टेलिभिजन प्रविधिका लागि उत्पादन गरेका कार्यक्रम वा उपदफा (५) बमोजिम डाउनलिङ्क गर्न अनुमतिपत्र प्राप्त गरेका विदेशी प्रसारक संस्थाको कार्यक्रम तोकिएका कुनै माध्यम प्रयोग गरी ग्राहक, सदस्य वा उपभोक्ता समक्ष नेपालको जुनसुकै भू-भागमा वितरण गर्नको लागि तोकिएको दस्तुर सहित तोकिएको ढाँचामा प्राधिकरण समक्ष निवेदन दिनुपर्नेछ।

(४) कुनै प्रसारण संस्थाले टेलिभिजन तथा केबुल टेलिभिजन मार्फत कुनै कार्यक्रम नेपालको भू-भागमा प्रसारण गर्न चाहेमा तोकिएको दस्तुर सहित तोकिएको ढाँचामा प्राधिकरण समक्ष निवेदन दिनुपर्नेछ।

(५) कुनै विदेशी प्रसारण संस्थाले आफ्नो मुलुकबाट प्रसारण भएको कुनै कार्यक्रम डाउनलिङ्क गरी नेपालभित्र प्रसारण गराउन चाहेमा तोकिए बमोजिम दस्तुर सहित तोकिएको ढाँचामा प्राधिकरण समक्ष निवेदन दिनुपर्नेछ।

(६) आफ्नो उत्पादन सामाग्रीको प्रसारण वा पूनः प्रसारण गर्ने गरी एफ.एम. फ्रिक्वेन्सी लिने रेडियो वा एफ.एम. स्टेशनले पचहतर प्रतिशत रेडियो सामाग्री आफै उत्पादन गरी प्रसारण गर्नुपर्नेछ।

(7) कुनै एफ.एम. स्टेसनले रिले प्रसारण गर्न चाहेमा वा कसैले नेटवर्क स्थापना गरी कार्यक्रम प्रसारण गर्न चाहेमा तोकिएको ढाँचामा प्राधिकरण समक्ष निवेदन दिनसक्नेछ।

तर यसरी रिले प्रसारण गरे गराए बापत तोकिए बमोजिम अतिरिक्त कर तिर्नु पर्नेछ।

(8) विधागत एफ.एम. रेडियोहरुको स्थापना र सञ्चालनलाई प्रोत्साहन गर्न नेपाल सरकारले रेडियो सामाग्री आयात वा इजाजत पत्र नवीकरणमा तोकिए बमोजिम कर वा शुल्क छुट दिने व्यवस्था गर्न सक्नेछ।

(9) उपदफा (8) को अधिनमा रही विधागत एफ.एम. रेडियोको स्थापना र सञ्चालन गर्नका लागि विधा छनौट गर्ने अधिकार सम्वन्धित एफ.एम. रेडियोको हुनेछ।

(10) प्रसारण सम्बन्धी कुनै पनि नयाँ प्रविधिको विकास भई आएमा प्राधिकरणले तत्काल सूचना प्रकाशन गरी तोकेको ढाँचामा निवेदन दिई प्राधिकरणको स्वीकृति लिएर मात्र त्यस्तो प्रविधिको उपयोग गर्न सकिनेछ।

(11) यस दफा बमोजिम प्रसारण संस्थाहरुले प्रसारण इजाजतका निवेदन दिँदा सार्वजनिक सेवा प्रसारक वा सामुदायिक प्रसारक वा निजी प्रसारक मध्ये आफूले कुन प्रसारकको रुपमा इजाजत पत्र लिने हो सो स्पष्ट खुलाउनु पर्नेछ। साथै एफ.एम. रेडियोहरुले कुन विधामा प्रसारण गर्ने हो सो समेत खुलाउनु पर्नेछ।

२७. **इजाजतपत्रको लागि प्रदेश र स्थानीय तहमा निवेदन दिन सकिनेः** (१) कसैले प्रदेशको कुनै भू-भागमा एक हजार वाटसम्मको एफ.एम. रेडियो र टेलिभिजनबाट श्रव्य वा श्रव्यदृश्य कार्यक्रम उत्पादन गरी प्रसारण गर्न वा सिग्नल वितरण गर्न चाहेमा प्रदेश कानून बमोजिम दर्ता गरी स्थापना तथा संचालन गर्नसक्नेछ।

(२) स्थानीय तहको कुनै भू-भागमा एक सय वाटसम्मको एफ.एम. रेडियो संचालन तथा प्रसारण गर्ने वा कार्यक्रम वितरण गर्ने सम्बन्धी व्यवस्था सम्वन्धित स्थानीय तहको कानून बमोजिम हुनेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी भू-भागमा उत्पादन भएको कार्यक्रम नेपालभित्र प्रसारण गर्न वा पुनः प्रसारण वा रिले प्रसारण गर्न वा सिग्नल वितरण गर्न र फ्रिक्वेन्सी प्राप्त गर्न चाहिने इजाजतपत्र यस ऐन बमोजिम हुनेछ।

२८. **इजाजतपत्र सम्बन्धी व्यवस्थाः** (१) दफा २6 बमोजिम पर्न आएका निवेदन उपर प्राधिकरणले आवश्यक जाँचबुझ गरी तोकिएको शर्तहरु पालना गर्ने गरी निवेदकले गर्न पाउने कामको विवरण खुलाई तोकिएको ढाँचामा इजाजतपत्र दिनेछ।

(२) उपदफा (१) बमोजिम ईजाजत दिँदा लाग्ने इजाजत दस्तुर र इजाजत दिने सम्बन्धी अन्य व्यवस्था तोकिए वमोजिम हुनेछ।

२९. **इजाजतपत्रको अवधि र नवीकरणः**(१) इजाजतपत्रको अवधि एक आर्थिक वर्षको हुनेछ ।

(२) इजाजतपत्र प्राप्त संस्थाले आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र तोकिएको नवीकरण दस्तुर र प्रसारण तथा वितरण शुल्क सहित प्राधिकरणमा नवीकरणका लागि निवेदन दिनुपर्नेछ।

(३) उपदफा (२) बमोजिमको अवधिभित्र नवीकरण नगराएमा सो अवाधि भुक्तान भएको मितिले एक वर्ष भित्र तोकिए बमोजिम जरिवाना गरी नविकरण गर्न सकिनेछ।

(4) उपदफा (3) बमोजिमको अवधि भित्र पनि नविकरण नगराएमा दफा (27) बमोजिम प्राप्त इजाजतपत्र स्वतः रद्ध गरी त्यस्तो इजाजतपत्र प्राप्त संस्थाले तिर्नु बुझाउनु पर्ने बाँकी प्रसारण शुल्क सरकारी बाँकी सरह असुल उपर गर्नु पर्नेछ।

(5) उपदफा (4) बमोजिम इजाजत पत्र स्वतः रद्ध भएको संस्थाले प्रयोग गरेको फ्रिक्वन्सी स्वतः नेपाल सरकारको हुनेछ।

30. **इजाजतपत्र रद्द गर्न सकिने:** (१) दफा २8 बमोजिम इजाजतपत्र प्राप्त संस्थाले यो ऐन वा

यस ऐन अन्तर्गत बनेको नियम विपरित कुनै कार्य गरेमा प्राधिकरणले निजले प्राप्त

गरेको इजाजतपत्र रद्द गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्र रद्द गर्नु अघि प्राधिकरणले त्यस्तो संस्थालाई आफ्नो सफाई पेश गर्ने मनासिब मौका दिनुपर्नेछ।

31. **इजाजत, नविकरण दस्तुर तथा प्रसारण शुल्क:** इजाजत पत्र दस्तुर, नविकरण दस्तुर, प्रसारण

शुल्क तथा जरिवाना सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

३2. **प्रसारण माध्यमको वर्गीकरण र प्रसारणको लागि अपनाउनु पर्ने प्रक्रिया:**(१) प्रसारण माध्यमलाई सार्वजनिक सेवा प्रसारक, सामुदायिक प्रसारक र निजी प्रसारकको रुपमा वर्गीकरण गरिनेछ।

(२) प्रसारण माध्यमको वर्गिकरणका आधार र प्रक्रिया तोकिए बमोजिम हुनेछ।

३3. **फ्रिक्वेन्सी सम्बन्धी व्यवस्था:** (१) मन्त्रालयले तोकेको मापदण्डको आधारमा प्राधिकरणले रेडियो तथा टेलिभिजनको फ्रिक्वेन्सीलाई वाँडफाँड तथा वितरणको योजना बनाई स्विकृतीका लागि मन्त्रालयमा सिफारिश गर्नेछ।

(2) उपदफा (1) अनुसार फ्रिक्वेन्सी बाँडफाँड तथा वितरणको योजना स्विकृत गर्दा मन्त्रालयले सुरक्षा, विपद र अन्य प्रयोजनका लागि सरकारलाई आवश्यक पर्ने फ्रिक्वेन्सी सुरक्षित रहेको सुनिश्चित गर्नुपर्नेछ।

(3) प्राधिकरणले उपदफा (1) बमोजिमको फ्रिक्वेन्सी बाँडफाडँ र वितरण योजना स्वीकृत भए पछि वितरणको कार्ययोजना बनाई बोलकबोलको माध्यमबाट फ्रिक्वेन्सी प्रयोगको इजाजत दिनेछ।

(4) उपदफा (3) मा जुनसुकै कुरा लेखिएका भएता पनि नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहको पूर्ण स्वामित्व भएको वा नेपाल सरकारको लगानी रहेको प्रसारण संस्थालाई निशुल्क रुपमा फ्रिक्वेन्सी प्रयोगको इजाजत दिनु पर्नेछ।

(5) मन्त्रालयले उपदफा (3) र (4) बमोजिम दिएको फ्रिक्वन्सी प्रयोगको लागि दिएको इजाजत सार्वजनिक गर्नुपर्नेछ।

(6) रेडियो र टेलिभिजनका फ्रिक्वेन्सीलाई सार्वजनिक सेवा प्रसारण, सामुदायिक प्रसारण, व्यापारिक प्रसारणका लागि बाँडफाँड गरिनेछ ।

(7) उपदफा (3) बमोजिम वितरण गरिएको फ्रिक्वेन्सी प्रयोगको अवधि बढीमा बीस वर्ष हुनेछ तर प्राप्त फ्रिक्वेन्सी प्रत्येक पाँच वर्षमा नवीकरण गर्नुपर्नेछ र त्यस्तो नविकरण बापत लाग्ने शुल्क तोकिए बमोजिम हुनेछ।

(8) मन्त्रालयले प्राधिकरणको सिफारिसमा प्रसारण माध्यमलाई प्रसारण पहुँच क्षेत्र, लगानी, भौतिक पूर्वाधार, जनशक्ति, उद्देश्य जस्ता आधारमा राष्ट्रिय, प्रादेशिक र स्थानीय प्रसारण सस्थांको रुपमा वर्गीकरण गरी प्रसारण फ्रिक्वेन्सीको वितरण गर्नेछ।त्यस्ता प्रसारण सस्थांले आफू कुन प्रकृतिको प्रसारक हो भन्ने कुराको जानकारी खुल्ने गरी प्रसारण गर्नुपर्नेछ।

(9) उपदफा (3) बमोजिम प्राप्त फ्रिक्वेन्सी दुई वर्ष भित्र प्रयोग गरिसक्नु पर्नेछ।प्राप्त गरेको दुई वर्ष सम्म पनि प्रयोग नभएको फ्रिक्वेन्सीको इजाजत स्वत रद्ध हुनेछ।

(10) कुनै पनि संस्थाले आफूले इजाजत प्राप्त गरेको फ्रिक्वेन्सी कुनै प्रकारले हक हस्तान्तरण वा विक्रि गर्न पाइने छैन र सो फ्रिक्वेन्सी कुनै किसिमले प्रयोग हुन नसकेमा स्वतः नेपाल सरकारको हुनेछ।

(1१) कुनै पनि संस्थाले आफूले इजाजत प्राप्त गरेको फ्रिक्वेन्सीको प्रयोग गरि यो ऐन वा यस ऐन अन्तर्गतका नियमको उल्लंघन गरेमा उक्त संस्थाले प्राप्त गरेको फ्रिक्वेन्सी नेपाल सरकारले लिन सक्नेछ ।

**परिच्छेद-५**

**<u>अनलाइन संचार माध्यम सम्बन्धी व्यवस्था:</u>**

**३4. <u>अनलाइन सञ्चार माध्यमको अभिलेखीकरण</u>** :(१) कसैले अनलाइन सञ्चार माध्यम मार्फत अनलाइन पत्रकारिता सञ्चालन गर्न चाहेमा तोकिए बमोजिमको विवरण सहित प्राधिकरणमा अभिलेखिकरण गराउनु पर्नेछ।

(२) सरकारी वा निजी छापा वा विद्युतीय सञ्चारले अनलाइन सञ्चारमाध्यम मार्फत अनलाइन पत्रकारिता गर्न चाहेमा उपदफा (१) बमोजिम प्राधिकरणमा अभिलेखीकरण गराउनु पर्नेछ।

(३) अनलाइन सञ्चारमाध्यमलाई प्राधिकरणले दर्ता किताबमा जनाइ अभिलेखीकरण गर्नुपर्नेछ।

३5. **अनलाइन पत्रकारिताको प्रमाणपत्र दिनुपर्ने :** (१) दफा ३4 बमोजिम प्राधिकरणमा अभिलेखीकरण भएको अनलाइनलाई अनलाइन पत्रकारिताको प्रमाणपत्र प्राधिकरणले दिनेछ ।

(२) अनलाइन संचार माध्यमको अभिलेखीकरण गर्ने, प्रमाणपत्र दिने र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३6. **विवरण राख्नु पर्नेः** अनलाइन सञ्चार माध्यमले देहायका विवरण आफ्नो वेवसाइटको मुख्य पृष्ठ(होमपेज) मा राख्नु पर्नेछ :-

(क) प्राधिकरणबाट प्राप्त अभिलेखीकरणको नम्बर, आर्थिक वर्ष, सञ्चालकको नाम, ठेगाना, सम्पर्क फोन नम्बर,

(ख) सञ्चालक र सम्पादकको नाम,

(ग) तोकिएका अन्य विषयहरु ।

३7. **विदेशबाट प्रकाशित अनलाइन न्यूज पोर्टलः**विदेशबाट प्रकाशन वा प्रसारण हुने अनलाइन न्यूज पोर्टलमा प्रकाशित वा प्रसारित कुनै सामग्री दफा 50 विपरीत रहेको कुरा कुनै स्रोतबाट जानकारी भएमा प्राधिकरणले त्यस्तो सामग्रीलाई नेपालभित्र प्रकाशन वा प्रसारण गर्न रोक लगाउन सक्नेछ।

## परिच्छेद - ६
## श्रमजीवी पत्रकारको सेवा, शर्त र सुविधा सम्बन्धी व्यवस्था:

३8. **श्रमजिवी पत्रकारको सेवा शर्तको संरक्षण:** (१) आमसञ्चार संस्थाले आफ्नो संस्थाको कर्मचारी, श्रमजीवी पत्रकार तथा कामदारको नियुक्ति, अवकाश तथा सेवाको शर्त तथा सुविधा सम्वन्धी विषय प्रचलित श्रम ऐन अनुकुल हुने गरी विनियमावलीमा समावेश गरी लागू गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको विनियमावली लागू गर्नुअघि आमसञ्चार संस्थाले प्राधिकरणको सहमति लिनुपर्नेछ ।

(3) आमसञ्चार सस्थांले उपदफा (1) बमोजिमको विनियमावली बनाउँदा देहाएको अवस्थामा बाहेक अन्य अवस्थामा श्रमजीवी पत्रकारको पारिश्रमिक कट्टा नहुने कुराको सुनिश्चितता गर्नुपर्नेछ।

(क) लागेको जरिवाना कट्टी गर्नुपरेमा,

(ख) गैरहाजिरी बापत कट्टि गर्नुपरेमा,

(ग) पारिश्रमिकबाट कट्टि हुने गरी पेश्की दिएको रकम कट्टी गर्नु परेमा,

(घ) सरकारी कार्यलय वा अदालतको आदेश बमोजिम तिर्नु बुझाउनु पर्ने कुनै रकम कट्टि गर्नु परेमा

(ङ) प्रचालित कानुन बमोजिम लाग्ने आयकर वा अन्य कुनै कर कट्टि गर्नु परेमा वा

(च) प्रचलति कानुनमा तोकिएबमोजिम कुनै रकम कट्टि गर्नु परेमा।

(4) प्राधिकरणले उपदफा (२) बमोजिम सहमति दिन देहायका विषयमा न्यूनतम मापदण्ड तयार गरी सो मापदण्ड बमोजिम भएमा सहमति दिनुपर्ने र नभएमा मापदण्ड बमोजिम वनाउन लगाउनु पर्नेछः-

(क) कर्मचारीको दरबन्दी, नियुक्ति, सेवाको सुरक्षा तथा काम गर्ने समय,

(ख) हाजिरी र बिदा सम्वन्धी,

(ग) न्यूनतम पारिश्रमिक तथा भत्ता,

(घ) वार्षिक तलव बृद्धि,

(ङ) उपचार खर्च तथा क्षतिपूर्ति सम्बन्धी,

(च) कल्याणकारी कोष,

(छ) आचरण, सजाय र पुनरावेदन,

(ज) अन्य आवश्यक विषय ।

(५) उपदफा (4) बमोजिम कट्टि हुने रकमको हद, कट्टि गरिने तरिका र अवधि तथा तत् सम्बन्धी अन्य कुराहरु तोकिएबमोजिम हुनेछ।

३9. **न्यूनतम पारिश्रमिक भन्दा कम दिन नपाइने**: (१) आमसञ्चार संस्थाले श्रमजिवी पत्रकारलाई नेपाल सरकारबाट समय समयमा तोकिएको न्यूनतम पारिश्रमिक तथा सेवा सुविधा भन्दा कम हुने गरी पारिश्रमिक दिन पाउनेछैन ।

(२) श्रमजीवी पत्रकारहरुको हकहित र सुविधाको सम्बन्धमा कानूनद्वारा गरिएको व्यवस्था अनुरुप भए नभएको सम्बन्धमा प्राधिकरणले संस्थाको अनुगमन गर्न सक्नेछ । यसरी अनुगमन गर्दा कानून बमोजिम पारिश्रमिक तथा सेवा सुविधा उपलब्ध गराएको नदेखिएमा त्यस्तो संस्थालाई सो बमोजिम सेवा सुविधा उपलब्ध गराउन आदेश दिई त्यस्तो संस्थालाई आवश्यक कारवाही गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम प्राधिकरणले दिएको आदेश सम्बन्धित आमसञ्चार संस्थाले पालना गर्नुपर्नेछ।

40. **मापदण्ड निर्धारण समितिः** (१) आमसञ्चार माध्यमले कर्मचारी, श्रमजीवि पत्रकार तथा कामदारको बिषयका सम्वन्धमा न्यूनतम पारिश्रमिक लगायत सेवाशर्त सम्वन्धी मापदण्ड निर्धारण गर्न नेपाल सरकारले समय समयमा सरकारको प्रतिनिधि, व्यवस्थापकको प्रतिनिधि, श्रमजीवि पत्रकार र कर्मचारीका प्रतिनिधि र सम्वन्धीत क्षेत्रका विज्ञहरु रहेको समिति गठन गर्नसक्नेछ।

(२) उपदफा (१) बमोजिम समितिको बैठक सम्वन्धी कार्यविधि र समितिका सदस्यहरुको सुविधा तोकिए बमोजिम हुनेछ ।

41. **उजुरी गर्न सक्नेः-** (1) यस ऐन बमोजिम श्रमजीवि पत्रकारले पाउनुपर्ने कुनै सुविधा वा रकम सञ्चार प्रतिष्ठानबाट नपाएमा वा व्यवस्थापकले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिमको कुनै काम नगर्दा कुनै श्रमजीवी पत्रकारलाई मर्का पर्न गएमा त्यस्तो श्रमजीवी पत्रकारले पैंतीस दिनभित्र प्राधिकरण समक्ष उजुरी गर्न सक्नेछ।

(2) उपदफा (1) बमोजिम परेको उजुरी मनासिव ठहरेमा प्राधिकरणले उजुरवालाको मागबमोजिमको कुनै सुविधा वा रकम वा अन्य कार्य सम्वन्धित सञ्चार प्रतिष्ठानबाट दिन वा गर्न लगाई जानीजानी दिनुपर्ने सुविधा वा रकम नदिएको वा गर्नुपर्ने काम नगरेको देखिएमा त्यस्तो व्यवस्थापकलाई पाँच हजार देखि बीस हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

(3) उपदफा (2) बमोजिम प्राधिकरणले गरेको निर्णयबाट मर्कापर्ने व्यक्तिले पैंतीस दिन भित्र सम्वन्धित उच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ।

42. **सुविधा रोक लगाउन सिफारिस गर्न सक्नेः-** कुनै सञ्चार प्रतिष्ठानले यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम विपरीत कुनै काम गरेमा प्राधिकरणले त्यस्तो सञ्चार प्रतिष्ठानलाई

देहायबमोजिमका सुविधा प्रदान गर्नबाट रोक लगाउन सम्वन्धित निकायमा सिफारिस गर्न सक्नेछः-

(क) सञ्चार प्रतिष्ठानलाई प्रचलित कानुनबमोजिम आमसञ्चार माध्यमको श्रेणी विभाजनमा समावेश नगर्ने

(ख) नेपाल सरकारबाट दिने अनुदान वा विज्ञापनमा रोक लगाउन वा कटौती गर्न,

(ग) सञ्चार सामाग्री एवं सोसँग सम्वन्धित कच्चा पदार्थको आयातमा रोक लगाउन,

(घ) सरकारी भ्रमण दलमा सहभागी नगराउन,

(ङ) नेपाल सरकारले आमसञ्चार सस्थांलाई उपलब्ध गराउने अन्य जुनसुकै सुविधा।

४3. **श्रमजीवी पत्रकार सम्वन्धी अन्य व्यवस्था**: श्रमजीवी पत्रकार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद - ७

## आमसञ्चार सम्बन्धी अन्य व्यवस्था:

44.**आमसञ्चार संस्थाको काम र कर्तव्यः-** आमसञ्चार संस्थाको काम र कर्तव्य यस ऐनमा अन्यत्र लेखिए देखि बाहेक देहाय बमोजिम हुनेछ।

(क) आफू समक्ष प्राप्त हुन आएका सूचना, समाचार, लेख वा कार्यक्रमहरुको सत्यताबारे आवश्यक छानबीन गरी सत्य तथ्य सहितका सूचना, समाचार, लेख वा कार्यक्रमहरु मात्र निर्धारित समयमा प्रकाशन र प्रसारण गर्ने गराउने,

(ख) राजनैतिक रुपमा निष्पक्ष भै समाचारको सम्पादन तथा प्रकाशन र प्रसारण गर्ने गराउने,

(ग) सार्वजनिक शान्ति र सुरक्षामा खलल पुर्याउने, नैतिकता र सामाजिक सद्भाव र मर्यादामा आँच आउने किसिमका कार्यक्रमहरु उत्पादन र प्रसारण नगर्ने नगराउने,

(घ) गलत तथा भ्रामक समाचारको सङ्ककलन गरी प्रकाशन र प्रसारण गर्न नहुने,

(ङ) आमसञ्चार सञ्चालक संस्थाले आफ्नो र आफ्ना कर्मचारीहरुका लागि आचार संहिता निर्माण गरी स्वघोषणा सहित सार्वजनिक गर्नुपर्ने,

(च) आफ्नो आमसञ्चार संस्थाले प्रकाशन वा प्रसारण गरेको कुनै विषयले मर्का परेको कुनै व्याक्ति वा संस्थाले गुनासो वा खण्डन गरेमा सोको अनिवार्य रुपमा सुनुवाई गर्नुपर्ने।

४5. **स्वनियमनको व्यवस्थाः** (१) आमसञ्चार माध्यमले स्वनियमनको सिद्धान्त लागू गर्नु पर्नेछ ।

(२) आमसञ्चार सञ्चालक संस्थाले प्रकाशन वा प्रसारणको स्वनियमन र स्वमूल्याङ्कनका लागि सम्बन्धित विज्ञहरु रहेको एक आमसञ्चार स्वनियमन समिति गठन गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम गठन भएको समितिले सम्वन्धित आमसञ्चार संस्थाको आचारसंहिता निर्माण, गुणस्तर सुधार र आमसञ्चारको प्रभावकारिता कायम राख्न तथा सार्वजनिक जवाफदेहीता पालना गर्न गराउन स्वनियमन र स्वमूल्याङ्कन गर्नेछ ।

(४) उपदफा (२) बमोजिम समिति गठन गर्दा त्यस्तो आमसञ्चार संस्थाले समितिमा आफ्नो संस्थासंग असम्बद्ध र कुनै स्वार्थ नरहेको स्वतन्त्र विज्ञ व्यक्तिहरु राख्नु पर्नेछ ।

(5) आमसञ्चार संस्थाले समिति गठन गरी प्राधिकरणलाई प्रकाशन वा प्रसारण शुरु भएको एक महिनाभित्र समितिको पदाधिकारीको नामावली सहितको जानकारी दिई सार्वजनिकीकरण गर्नु पर्नेछ।

(6) आमसञ्चार माध्यमहरुले स्व नियमम र स्व मूल्याङ्कनको व्यवस्था गर्दा अन्य कुराहरुका अतिरिक्त देहायअनुसार गर्नुपर्नेछ।

(क) प्रत्येक वर्ष आफ्नो आचार संहिता, सम्पादकीय नीति र बासलात आम पाठक तथा श्रोता सुसूचित हुने गरी सार्वजनिक गर्नु पर्नेछ।

(ख) आफ्नो संस्थासँग सम्वन्धित विषयहरु हेर्ने गरी स्वतन्त्र अम्वुडस्म्यानको स्थापना गर्नुपर्नेछ।

(ग) अम्बुडस्मानको सिफारिश निर्देशन सरह मानि सम्वन्धित संस्थाले कार्यन्वयन गरि सो सम्वन्धी विवरण कम्तिमा छ महिनामा एक पटक आफ्नो संस्थामा प्रकाशन तथा प्रसारण गर्नुपर्नेछ।

तर बार्षिक दुई करोड रुपैंया भन्दा कम कारोबार गर्ने सञ्चारमाध्यमहरुको हकमा यो व्यवस्था स्वोच्छिक हुनेछ।

(7) आम सञ्चार माध्यमको स्वनियम र स्वमुल्याङ्कन सम्बन्धी मापदण्ड र अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

४6. **लगानी सम्बन्धी व्यवस्थाः** (१) कुनै पनि ब्यक्ति, समुह वा संस्थाले आमसञ्चार सञ्चालन गर्न यस ऐन बमोजिम अभिलेखीकरण वा इजाजत लिने निवेदन साथ सम्बन्धित आमसञ्चारका माध्यममा गरिने लगानीको श्रोत खुलाउनु पर्नेछ ।

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि छापा वा विद्युतीय एउटै प्रकृतिको प्रकाशन वा प्रसारण माध्यमको स्वामित्व धारणा वा सञ्चालन गरेको एक व्यक्ति, परिवार वा समूहलाई अन्य प्रकाशन वा प्रसारण माध्यमको स्वामित्वमा 15 प्रतिशत भन्दा बढी हिस्सा नहुने व्यवस्था गर्नुपर्नेछ।

(3) कुनै पनि आमसञ्चार माध्यममा वैदेशिक लगानी गर्न पाइने छैन।

(4) आमसञ्चारमा लगानी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४7. **आमसञ्चारको स्वामित्व हस्तान्तरणः** यस ऐन बमोजिम अभिलेखीकरण भएको आमसञ्चार संस्थाको स्वामित्व कानून बमोजिम हस्तान्तरण भई कसैले प्राप्त गरेमा सो प्राप्त गर्ने ब्यक्तिले सात दिनभित्रमा सोको जानकारी तोकिए वमोजिमको ढाँचामा प्राधिकरणलाई दिनुपर्नेछ र प्राधिकरणले तत्सम्वन्धी विवरण दर्ता किताबमा जनाई राख्नु पर्नेछ।

तर यसरी स्वामित्व हस्तान्त्रण गर्दा स्वामित्व हस्तान्त्रण गर्ने संस्थाले फ्रिक्वेन्सी प्रयोग गरेको भएमा त्यस्तो फ्रिक्वेन्सी हस्तान्त्रण हुनेछैन र त्यस्तो फ्रिक्वन्सी स्वतः नेपाल सरकारको हुनेछ।

48. **आमसञ्चार माध्यम सञ्चालन शुरु भएको तथा बन्द भएको जानकारी दिनुपर्नेः** (१) आमसञ्चार माध्यमले प्रकाशन तथा प्रसारण शुरु भएको जानकारी प्राधिकरणलाई दिनुपर्नेछ ।

(२) प्राधिकरणमा अभिलेखीकरण भएका आमसञ्चार माध्यम कुनै कारणले सञ्चालन गर्न नसकेमा वा सञ्चालन भई बन्द गर्नु परेमा सोको जानकारी तीन महिना अगाबै प्राधिकरणलाई गराउनु पर्नेछ।

49. **प्रतिनिधि सम्बन्धी व्यवस्थाः** (१) कुनै विदेशी आमसञ्चार सम्बन्धी संस्थाले नेपालभित्र काम गर्ने आफ्ना प्रतिनिधिहरुको नाम, योग्यता र कार्यक्षेत्र समेत उल्लेख गरी तोकिए बमोजिमको विवरण प्राधिकरण समक्ष बुझाइ अनुमति लिनुपर्नेछ ।

तर विदेशी मित्रराष्ट्रका राष्ट्राध्यक्ष वा सरकारप्रमुख वा उच्चस्तरीय प्रतिनिधिमण्डल नेपाल भ्रमणमा आउंदा साथमा आउने पत्रकार वा नेपाल सरकारको निमन्त्रणामा नेपाल भ्रमणमा आउने पत्रकारहरुको लागि उक्त भ्रमण अवधिभरको लागि त्यस्तो विवरण दिन आवश्यक नपर्ने गरी प्राधिकरणले छुट दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम विवरण पठाउने विदेशी आमसञ्चार सम्बन्धी संस्थाका प्रतिनिधिहरुलाई श्रम विभागबाट श्रम स्वीकृति प्राप्त भएको भएमा प्राधिकरणले प्रेस प्रतिनिधि प्रमाणपत्र प्रदान गर्नेछ ।

(३) प्रेस प्रतिनिधि तथा स्वतन्त्र पत्रकार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

50. **प्रकाशन तथा प्रसारण गर्न नहुनेः-** देहायका कुराहरु कुनै पनि स्वदेशी, विदेशी आमसञ्चारको माध्यमबाट प्रकाशन, प्रसारण गर्न तथा सञ्चार सामाग्रीको उत्पादन र प्रवाह गर्न हुँदैनः-

(क) नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता वा राष्ट्रियतामा आँच आउने विषय,

(ख) विभिन्न संघीय इकाइ बीचको सु- सम्बन्धमा आँच आउने विषय,

(ग) विभिन्न जात, जाती, धर्म वा सम्प्रदाय बीचको सु-सम्बन्धमा खलल पर्ने,

(घ) राज्यद्रोह वा अदालतको अवहेलना वा अपराध गर्न दुरुत्साहन गर्ने विषय,

(ङ) गाली बेइज्जती

(च) सार्वजनिक शिष्टाचार र नैतिकताको प्रतिकूल हुने विषय,

(छ) श्रमप्रति अवहेलना गर्ने विषय,

(ज) जातीय छुवाछूत एवं लैंगिक भेदभावलाई दुरुत्साहन गर्ने विषय।

51. **आमसञ्चार माध्यमको श्रेणी विभाजनः-** (१) प्राधिकरणमा अभिलेखीकरण भएका आमसञ्चारका माध्यम लाई नेपाल सरकार वा नेपाल सरकारको स्वामित्व भएको संस्थाबाट उपलब्ध गराइने सेवा सुविधा तथा विज्ञापन उपलब्ध गराउने प्रयोजनका लागि तोकिए बमोजिमको प्रकृया अपनाई श्रेणी विभाजन गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम श्रेणी विभाजन गर्दा आम सञ्चार संस्थाको भौतिक पूर्वाधार, जनशक्ति, लगानी, उद्देश्य, स्वामित्व, आमसञ्चारको पहुंच क्षेत्र र अन्य तोकिएको आधारमा गर्नुपर्नेछ।

(३) प्राधिकरणले उपदफा (१) बमोजिम श्रेणी विभाजन गर्दा पत्रपत्रिकाको हकमा प्रेस काउन्सिलको परामर्श लिन सक्नेछ।

(४) उपदफा (१) बमोजिम नेपाल सरकारले सेवा सुविधा तथा विज्ञापन उपलब्ध गराउँदा राष्ट्रभाषामा प्रकाशन र प्रसारण गर्ने संस्थालाई विशेष सुविधा दिन सक्नेछ ।

(५) श्रेणी विभाजन सम्वन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

52. **आमसञ्चार माध्यमको इजाजत तथा अभिलेखीकरण खारेज नगरिने**:यस ऐन बमोजिम इजाजत पाएको तथा अभिलेखीकरण भएको कुनै आम सञ्चार माध्यममा कुनै समाचार, लेख, सम्पादकीय, रचना, सूचना वा अन्य कुनै सामग्री प्रकाशन वा प्रसारण गरे वापत त्यस्तो आम सञ्चार माध्यमको इजाजत वा अभिलेखीकरण खारेज गरिनेछैन।

तर यस व्यवस्थाले नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियतावा संधीय इकाइबीचको सु-सम्बन्ध वा विभिन्न जात, जाती, धर्म वा सम्प्रदाय बीचको सु-सम्बन्धमा खलल पार्ने, राज्यद्रोह, गाली बेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरुत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार वानैतिकताको प्रतिकुल हुने कार्य गर्ने, श्रमप्रति अवहेलना गर्ने र जातिय

छुवाछूत एवं लैंगिक भेदभावलाई दुरुत्साहन गर्ने कार्य गरेको प्रमाणित भएमा त्यस्तो आम सञ्चार माध्यमलाई मनासिब प्रतिबन्ध लगाउन बाधा परेको मानिनेछैन।

53. <u>अनुमतिपत्र रद्द गर्न सक्ने</u>: प्राधिकरणले आम सञ्चार माध्यमको अनुमतिपत्र देहायको अवस्थामा रद्द गर्न सक्नेछ।

(क) इजाजत लिएको दुई वर्षसम्म प्रसारण प्रारम्भ नगरेमा,

(ख) कुनै मनासिब कारण बाहेक एक वर्ष भन्दा बढी समयसम्म प्रसारण बन्द गरेमा,

(ग) यस ऐन बमोजिम बमोजिम नविकरण नगरेमा।

## परिच्छेद-८

## प्रशिक्षण प्रतिष्ठान सम्बन्धी व्यवस्था:

**५४. <u>आमसञ्चार प्रशिक्षण प्रतिष्ठानको स्थापना</u>:** नेपाल सरकारले पत्रकारिता पेशालाई व्यवसायिक र मर्यादित बनाउने उदेश्यले आमसञ्चार प्रशिक्षण प्रतिष्ठानको स्थापना गर्न सक्नेछ।

**५5. <u>आमसञ्चार प्रशिक्षण प्रतिष्ठानको काम, कर्तव्य र अधिकार</u>:** यस ऐनमा अन्यत्र लेखिएका काम कर्तव्य र अधिकारका अतिरिक्त आम सञ्चार प्रशिक्षण प्रतिष्ठानको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रशिक्षणद्वारा सञ्चारकर्मीहरुको सीप तथा क्षमता आभिवृद्धि गर्ने,

(ख) आमसञ्चार सम्बन्धी अध्ययन अनुसन्धान गर्ने,

(ग) उच्चतम व्यवसायिक अभ्यासका लागि प्रेरित गर्ने,

(घ) सञ्चार सङ्ग्राहलय स्थापना र सञ्चालन गर्ने,

(ङ) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

## परिच्छेद-९

## कसूर, सजाय र पुनारावेदन सम्वन्धी व्यवस्था

**56. <u>पत्रपत्रिकाको अभिलेखीकरण नगराई प्रकाशन र बिक्रि वितरण गर्न नहुने:-</u>** कसैले दफा २० को उपदफा (1) अनुसार प्राधिकरणमा अभिलेखीकरण नगराई पत्रपत्रिका प्रकाशन गरी सार्वजनिक रुपमा बिक्रि वितरण गरेमा वा विदेशी पत्रपत्रिकाको नेपाली संस्करण मुद्रण गरेमा वा दफा 20 को उपदफा (8) अनुसारको विवरण परिवर्तन गर्नु परेमा प्राधिकरणमा अभिलेख संशोधन नगराई परिवर्तित विवरण सहितको पत्रपत्रिका प्रकाशन र सार्वजनिक रुपमा बिक्रि वितरण गरेमा कुसुरको मात्रा हेरी

दश लाख रुपैंया देखी पन्ध लाख रुपैंयासम्म जरिवाना गरी पत्रपत्रिका प्रकाशनका लागि प्रयोग भएका यन्त्रउपकरण जफत हुनेछ।

57. **इजाजतपत्र नलिई कार्यक्रम उत्पादन, प्रसारण वा डाउनलोडिङ्ग गर्न नहुने:-** कसैले दफा 25 बमोजिम इजाजतपत्र नलिई कार्यक्रम उत्पादन, प्रकाशन, प्रसारण वा डाउनलोडिङ्ग गरेमा कसुरको मात्रा हेरी बीस लाख रुपैंया देखी पचास लाख रुपैंया सम्म जरीवाना गरी कार्यक्रम उत्पादन, प्रकाशन वा प्रसारण लागि प्रयोग भएका यन्त्र - उपकरणहरु जफत हुनेछ।

58. **अभिलेखीकरण नगराई अनलाइन सञ्चारमाध्यम सञ्चालन गर्न नहुने:-** कसैले दफा 34 बमोजिम प्राधिकरणमा अभिलेखीकरण नगराई अनलाईन सञ्चार माध्यमको सञ्चालन गरेमा वा दफा 36 बमोजिमको विवरण आफ्नो वेवसाइटको मुख्य पृष्ठ ( होम पेज) मा नराखेमा कसुरको मात्रा हेरी दश लाख रुपैंया देखि प्रन्ध लाख रुपैंया सम्म जरिवाना गरी अनलाईन सञ्चार माध्यमको सञ्चालनमा प्रयोग भएका यन्त्र जफत हुनेछ।

59. **प्रकाशन तथा प्रसारण गर्न नहुने:-** (1) कसैले दफा 50 (क) बमोजिमको कसुर गरेमा कसूरको मात्रा हेरी पचास लाख रुपैंया देखी एक करोड रुपैंया सम्म जरिवाना वा दश वर्ष देखि पन्ध्र वर्षसम्म कैद वा दुबै सँजाय हुनेछ।

(2) कसैले दफा 50(ख) र (ग) बमोजिमको कसूर गरेमा कसुरको मात्रा हेरी एक लाख रुपैंया देखी पाँच लाख रुपैंयासम्म जरिवाना वा तीन वर्ष देखी आठ वर्ष सम्म कैद वा दुवै सजाय हुनेछ।

(3) कसैले दफा 50(घ) बमोजिमको कसुर गरेमा कसुरको मात्रा हेरी दश लाख रुपैंया देखी पन्ध्र लाख रुपैंयासम्म जरिवाना वा पाँच वर्ष देखी दश वर्ष सम्म कैद वा दुवै सँजाय हुनेछ।

(4) कसैले दफा 50(ङ) बमोजिमको कसुर गरेमा कसुरको मात्रा अनुसार तीन लाख रुपैंया देखि दश लाख रुपैंया सम्म जरिवाना हनेछ र सो कसुरबाट कसैलाई क्षती पुगेको भए अदालतले क्षती पुगेको व्यक्तिलाई मनासीव माफिकको क्षतीपुर्ति भराइदिनुपर्नेछ ।

(5) कसैले दफा 50 को (च) वा (क्ष) र (ज) बमोजिमको कसुर गरेमा कसुरको मात्रा हेरी एक लाख रुपैंया देखी पाँच लाख रुपैंया सम्म जरिवाना हुनेछ।

60. **गर्नु पर्ने काम नगरेमा:-** यस ऐनमा अन्यत्र उल्लेख भएको बाहेक यस ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम गर्नु पर्ने कार्य नगरेमा वा गर्न नहुने कार्य गरेमा प्राधिकरणले कसुरको मात्रा हेरी पचाँस हजार रुपैंया देखी पाँच लाख रुपैंया सम्म जरिवाना गर्नेछ।

61. **जरिवाना गर्ने अधिकार:-** यस ऐन बमोजिम हुने जरिवाना गर्ने अधिकार प्राधिकरणलाई हुनेछ।

62. **<u>सफाईको मौका दिनु पर्नेः</u>** यस ऐन बमोजिम कारवाही र जरिवाना गर्नु अघि प्राधिकरणले सफाईको मौका दिनु पर्नेछ ।

63. **<u>पुनरावेदनः</u>** यस ऐन बमोजिम प्राधिकरणले गरेको सजाय उपर पैतीस दिनभित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन लाग्नेछ ।

64. **<u>मुद्दा हेर्ने अधिकारीः</u>** (१) दफा 50 बमोजिमको सजाय हुने कसूर सम्वन्धी मुद्दाको शुरु कारवाही र किनारा गर्ने अधिकार सम्वन्धित जिल्ला अदालतलाई हुनेछ।

(२) दफा 50 बाहेकका विषयहरुमा हुने सँजाय र कसूर सम्वन्धी मुद्धाको शुरु कारवाही र किनारा गर्ने अधिकार प्राधिकरणलाई हुनेछ।

65. **<u>नेपाल सरकार वादी हुनेः</u>** यस ऐनको दफा 50 बमोजिमको बमोजिमको कसूरसँग सम्बन्धित मुद्दामा नेपाल सरकार वादी हुनेछ।

## परिच्छेद-१०
## <u>विविध</u>

६६. **<u>राजस्व खातामा दाखिला गर्नुपर्नेः-</u>** यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिमको इजाजत दस्तुर, प्रसारण तथा वितरण शुल्क, जरिवाना तथा बोलकवोलबाट प्राप्त हुने रकम नेपाल सरकारको राजश्व खातामा जम्मा गर्नुपर्नेछ।

६७. **<u>वृति कोषको स्थापना</u>** : (१) नेपाल सरकारले पत्रकारिता क्षेत्रमा निरन्तर लामो समय सम्म योगदान पुर्याएका जेष्ठ पत्रकारहरुलाई मासिक वृति प्रदान गर्ने उद्देश्यले एउटा पत्रकार वृत्तिकोष स्थापना गर्नेछ ।

(२) उपदफा (१) बमोजिम कोषको सञ्चालन सम्वन्धी व्यबस्था तोकिए बमोजिम हुनेछ ।

६८. **<u>पत्रकार कल्याण कोषको स्थापना</u>** : (१) नेपाल सरकारले पत्रकारिताको कार्य सम्पादन गर्दा कुनै दुर्घटना परी घाइते भएको वा दिर्घ रोगबाट पीडित पत्रकारको सहयोगको लागि एउटा पत्रकार कल्याणकोष स्थापना गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको कोषको व्यवस्थापन तथा सञ्चालन सम्वन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

६९. **<u>विदेशी मुद्रा विनिमयका लागि सिफारिस गर्न सक्ने</u>** : कुनै प्रसारण संस्थालाई आवश्यक पर्ने उपकरण तथा सफ्टवेयर विदेशबाट आयात गर्नु पर्ने भएमा वा कुनै प्रसारण संस्था विदेशी प्रसारण संस्थासंग आबद्ध हुँदा वा त्यस्तो संस्थासँग सिग्नल वितरण सम्बन्धमा सम्झौता गर्दा विदेशी

मुद्रा आवश्यक पर्ने भएमा त्यस्तो मुद्रा प्रचलित दरभाउमा उपलब्ध गराउन प्राधिकरणको सिफारिसमा मन्त्रालयले सम्बन्धित निकायमा सिफारिस गर्न सक्नेछ ।

**७०. <u>विवरण पेश गर्नुपर्ने-</u>** : (1) यो ऐन प्रारम्भ हुनुअघि प्रकाशन तथा वितरण हुँदै आएका पत्रपत्रिका तथा प्रसारण हुँदै आएका प्रसारण संस्थाले प्राधिकरणले तोकेको अवधिभित्र तोकिए वमोजिमका विवरण अभिलेखको लागि प्राधिकरण समक्ष पेश गर्नु पर्नेछ ।

(2) उपदफा (1) बमोजिम तोकिएको अवधि भित्र विवरण पेश नगर्ने आमसञ्चार संस्थालाई अभिलेखिकरण नगरी प्रकाशन गरेको वा इजाजत नलिई प्रसारण गरे सरहको कसुर मानि सोहि अनुसारको सजाँय हुनेछ।

**७१. <u>नियम तथा कार्यबिधि बनाउने अधिकार</u>** : (१) यस ऐनको कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

(२) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमावलीको अधिनमा रहि प्राधिकरणले मन्त्रालयको स्विकृति लिई आवश्यक कार्यबिधि र निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

**7२. <u>खारेजी र बचाउः</u>** (१) देहायका ऐनहरु खारेज गरिएकोछ :-

(क) छापाखाना र प्रकाशन सम्बन्धी ऐन, २०४८

(ख) राष्ट्रिय प्रसारण ऐन, २०४९

(ग) श्रमजीवी पत्रकार सम्बन्धी ऐन, २०५१

(२) उपदफा (१) बमोजिमका ऐन बमोजिम भए गरेका काम कारबाहीहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।